आज मिति २०७६/०३/०६ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री शेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री बेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | x |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री बिमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोबी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री राम[illegible] पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | x |

Scanned by CamScanner

## बुद्धभूमी नगर कार्यपालिकाको मिति २०७६।०३।०६ गतेको बैठकका निर्णयहरु

**प्रस्ताव नं. १** **बुद्धभूमी नगरपालिकाको विनियोजन ऐन २०७६ सम्वन्धमा।**

निर्णय नं: बुद्धभूमी नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छिनीय भएकोले नेपालको सविधानको धार २२९ को उपधार २ बमोजिम कार्यपालिका बैठकबाट पारित गरी पाचौ नगरसभा मा अनुमोदनको लागि पेश गर्ने निर्णय गरिया।

**प्रस्ताव नं. २** **बुद्धभूमी नगरपालिकाको नगरदर रेट २०७६ सम्वन्धमा।**

निर्णय नः बुद्धभूमी नगरपालिकाको नगरदर रेट २०७६ सम्वन्धमा छलफल गर्दा आ.व. २०७६०७७ को बार्षिक योजना कार्यान्वयनको लागि लागत अनुमान तथा मूल्यांकन तयार गर्नको लागि आवश्यक पर्ने नगर दररेट २०७६ पारित गरी अनुमोदनको लागि पाचौ नगरसभामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३** **बुद्धभूमी नगरपालिकाको सार्वजनिक खरिद नियमावली –२०७६ सम्वन्धमा।**

निर्णय नः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ले दिएको अधिकार प्रयोग गरी बुद्धभूमी नगरपालिकाको सार्वजनिक खरिद नियमावली–२०७६ सम्वन्धमा छलफल हुदा आ.व. २०७६/०७७ को बार्षिक योजना अनुसारका निर्माण कार्य, सेवा तथा परामर्श तथा सामाग्रीहरु खरिदका लागि अपनाउनु पर्ने शुसाशनका विधिहरु कार्यन्वयनको लागि बुद्धभूमी नगरपालिकाको सार्वजनिक खरिद नियमावली–२०७६ पारित गरी अनुमोदनको लागि पाचौ नगरसभामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४** **बुद्धभूमी नगरपालिकाको ५ बर्षे नगर शिक्षा रणनैतिक योजना सम्वन्धमा।**

निर्णय नः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन एवं सञ्चालनको अधिकार प्रदान गरिए बमोजिम बुद्धभूमी नगरपालिकाको नगर शिक्षा रणनैतिक योजना तयार गरी छलफल हुदा आ.व. २०७६/२०७७ देखि २०८०-२०८१ सम्मको ५ बर्षे शैक्षिक रणनैतिक योजना, समितिवाट तयार गरी निर्णयका लागि पेश हुन आएकोले उक्त शिक्षा रणनैतिक योजना पारित गरी अनुमोदनको लागि पाचौ नगरसभामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५** **बुद्धभूमी नगरपालिकाको आ.व. २०७६/२०७७ को बार्षिक नीति, कार्यक्रम र बजेट सम्वन्धमा।**

निर्णयः बुद्धभूमी नगरपालिकाको आ.व. २०७६/२०७७ को बार्षिक नीति, कार्यक्रम र बजेट माथि छलफल हुदा प्रस्तुत गरिएको विषयगत कार्यक्रम प्रस्तावित बजेट पारित गरी अनुमोदनको लागि पाँचौ नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६** **बुद्धभूमी नगरपालिका भित्रका नदिजन्य पदार्थ निकासी विक्री सम्वन्धमा।**

निर्णय नः बुद्धभूमी नगरपालिका क्षेत्र भित्र रहेका नदीहरूको नदिजन्य पदार्थ निकासी विक्रीको लागि ठेक्का गरिएकोमा उक्त ठेक्का बमोजिम आ.व. २०७५/२०७६ को लागि नदिजन्य पदार्थ उत्खनन, घाट्र गद्दी र निकासी विक्रीको लागि ठेकेदारसंग गरिएको संझौताको म्याद २०७६ साल जेष्ठ मसान्त सम्म मात्र रहेकोले उक्त अवधि भित्र ठेकेदारहरूलाई विक्री निकासी गर्न तोकिएको परिणाम नसकिएकोले ठेकेदारहरूले २०७६ जेष्ठ भित्रै उत्खनन गरी घाट गद्दी गरेको परिणाम विक्री निकासी गर्न पाउँ भनी यस कार्यालयमा निवेदन दिएकोले सो सम्बन्धमा

प्रमुख प्रशासकिय अधिकृत
उपप्रमुख

२०७६।०३।०६

Scanned by CamScanner

जिल्ला समन्वय समिति कपिलवस्तुलाई सुविधाताको म्याद समाप्त भएकोले घाटागद्दी गरिएको परिमाण निकासी गर्न दिने व्यवस्था नदेखिएकोले ठेकेदारको माग अनुसार निर्देशन माग गरिएकोमा जिल्ला समन्वय समिति कपिलवस्तुले मिति २०७६।०३।०६ गते च.नं. ६९९ अनुसार पठाएको पत्रमा नदीजन्य पदार्थ विक्री तथा निकासीको लागि नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ मा जेष्ठ मसान्तसम्मको समय सीमा नतोकिएको हुँदा सोही कार्यविधि अनुसार गर्नु गराउनु भनी लेखि आएको हुँदा घाटगद्दी गरिएको परिमाण नदीजन्य पदार्थ निकासी तथा विक्रीको लागि मात्र आषाढ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

**पस्ताव नं. ७** **DPR गर्ने सम्वन्धमा।**

निर्णय नः यस बुद्धभूमी नगरपालिका अन्तर्गत रहेका तपसिलका सडक साथै पोखरी हरूको DPR तयार गर्नको लागि आवश्यक प्रक्रिया मिलाई DPR गर्ने निर्णय गरियो।

१) टिक्कर - बुडढी - बिजगौरी सडक

२) बुडढी ताल / हरिहरपुर ताल

३) परशुरामपुर - हरिहरपुर - पूर्वडिही हुदै खैरहनिया सडक

४) भृकुटी चोक - पक्रेहटी - प्रेमनगर - लोहरौला - चेतरदेही सडक

५) इमिलिया उपल्लो बस्ती हुँदै - मैटहवा - धमौली सडक

**प्रस्ताव नं. ८** **अनुमति प्रदान सम्बन्धमा।**

निर्णय नः बुद्धभूमी नगरपालिका स्थित तपसिलका समुदायिक विद्यालयहरूको प्राविधिक धार तर्फको कक्षा थपका लागि प्रचलित ऐन, नियम, निर्देशिका बमोजिम आवश्यक कागजात सहित पेश गरेको हुँदा शैक्षिक सत्र २०७६ देखि कक्षा थपका लागि अनुमति प्रदान गर्ने।

क) गौतम बुद्ध मा.वि. गोरूसिगें (कक्षा १२ सिविल इन्जिनियरिङग)

ख) भृकुटी मा.वि. बुडढी, (बाली विज्ञान कक्षा १२)

ग) मा.वि. ईमिलिया (कम्प्यूटर ईन्जिनियर कक्षा ११)

**प्रस्ताव नं. ९** **सञ्चालन अनुदान सम्बन्धमा।**

निर्णय नः बुद्धभूमी नगरपालिकाको वडा नं. १० स्थित मदरसा बहरूल उलुम धनकौलीले धार्मिक तथा बैकल्पिक शिक्षा सञ्चालन अनुमति पाई निरन्तर सञ्चालनमा रहेको तर कुनै पनि सञ्चालन अनुदान नपाएको भनी आवदेन पेश गरेको हुँदा उक्त मदरसा कक्षा १देखि ५ सम्म सञ्चालनमा रहेको आधारमा धार्मिक तथा बैकल्पिक तर्फको सञ्चालन अनुदान शीर्षकबाट अनुदान रकम निकासा दिने निर्णय गरियो।

मेघनाथ पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

२०७६।०३।०६

Scanned by CamScanner